जिल्ला प्रशासन कार्यालय रामेछापद्वारा प्रकाशित

कोभिड-१९ मैत्री मासिक-E बुलेटिन


# बुलेटिन





वर्ष १ २०७७ श्रावण मसान्त अंक ५




राष्ट्रिय परिचय पत्र स्थायी दर्ता विवरण स्टेशन (कक्ष) प्रारम्भ बैठकमा सहभागी



प्रथम राष्ट्रिय परिचय पत्र स्थायी दर्ता विवरण दर्ता गराउनु हुदै जिल्ला समन्वय समितिका प्रमुख प्रेम बहादुर खड्का

## राष्ट्रिय परिचयपत्र स्थायी दर्ता विवरण संकलन शुभारम्भ

राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यस कार्यालयबाट राष्ट्रिय परिचयपत्र वितरणका लागि नेपाली नागरिकता प्राप्त व्यक्तिको विवरण दर्ता गर्ने कार्य मिति २०७७/०४/०१ बाट एक कार्यक्रम गरि राष्ट्रिय परिचयपत्र स्थायी दर्ता विवरण संकलन कार्य शुभारम्भ गरिएको छ । राष्ट्रिय परिचयपत्र विवरण दर्ताको शुभारम्भ जिल्ला समन्वय समितिका प्रमुख प्रेम बहादुर खड्काको विवरण दर्ता गरि सो कार्यको शुभारम्भ गरियो । यस महिना दर्ता स्टेशनबाट ५०८ जनाको विवरण दर्ता भईसकेको छ ।

नागरिकहरुको सबै खालका वैयक्तिक तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचान सहितको बायोमेट्रिक सुविधायुक्त बहुउपयोगी विवरण एकीकृत रुपमा व्यवस्थापन गर्ने उद्देश्य अनुरुप राष्ट्रिय परिचयपत्र वितरणका लागि स्थायी विवरण दर्ता स्टेशन स्थापना गरि राष्ट्रिय परिचयपत्र स्थायी विवरण दर्ता गराई तिन वर्ष भित्र देशभर राष्ट्रिय परियचपत्र वितरण गर्ने लक्ष्य अनुरुप यस जिल्लाबाट पनि विवरण संकलनको कार्य थालनी गरिएको छ ।

राष्ट्रिय परिचयपत्र विवरण दर्ता संकलन कार्य यस कार्यालयमा नागरिकता बनाउन आउने र तोकिए बमोजिमका कागज पत्र लिएर आउने अन्य नागरिकहरुको विवरण संकलन गरि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा पठाईने र विभागबाट प्राप्त भए पछि सम्बन्धित व्यक्तिलाई उपलब्ध गराईने छ । हाललाई यो कार्य जिल्ला प्रशासन कार्यालय अन्तर्गत दर्ता विवरण स्टेशन कक्षबाट सञ्चालन गरिएको छ । पछि नेपाल सरकारको नीति अनुरुप रामेछाप जिल्लाका ८ वटा स्थानीय तहमा टोलि खटाई विवरण संकलन गरि राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ ।

राष्ट्रिय परिचयपत्र विवरण दर्ताका लागि आवश्यक पर्ने कागजातहरु:-

- सक्कल नागरिकता प्रमाणपत्र
- सम्भव भएसम्म बाबु/आमा/पति/पत्नि को नागरीकताको प्रमाणपत्र

माथिका उल्लेख कागजात सहित स्वयम राष्ट्रिय परिचयपत्र दर्ता स्टेशन मा उपस्थित भई दर्ता स्टेशनमा प्राप्त फारममा सम्पूर्ण विवरण सहित पेश गर्नु पर्नेछ ।

## राष्ट्रिय परिचयपत्र सम्बन्धी जिज्ञासाहरु

### १) राष्ट्रिय परिचयपत्र भनेको के हो ?

- राष्ट्रिय परिचय पत्र भनेको नागरिकहरुको वैयक्तिक तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचान सहितको बायोमेट्रिक सुविधायुक्त बहुउपयोगी प्रमाणपत्र हो ।

### २) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभागको स्थापनाको उद्देश्य के हो ?

- नेपाली नागरिकको वैयित्तक तथा जैविक विवरण सहितको परिचय खुल्ने गरी विद्युतीय प्रणालीबाट तथ्यांक तथा अभिलेख तयार गरी सुरक्षित भण्डारण व्यवस्थापन, उपयोग र नियन्त्रण गर्ने र सो तथ्यांकको आधारमा राष्ट्रिय परिचय नम्बर सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने ,

- व्यक्तिगत घटना जस्तै जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेद आदिको दर्ता तथा अभिलेख व्यवस्थापन लगायत पञ्जिकरण सम्बन्धी काम गर्ने ,
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी काम गर्ने
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरि नागरिकका सूचना तथा विवरणहरु एकीकृत रुपमा राख्ने र यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधामा आवद्ध गर्ने ।

## ३) राष्ट्रिय परिचयपत्रमा के के विवरण समावेश हुन्छ ?

परिचयपत्रमा देहायका विवरण समावेश हुन्छन् ।

- व्यक्तिगत विवरणहरू (नाम, थर, जन्म मिति, लिङ्ग, आमाबुबाको नाम, ठेगाना, नागरिकताको किसिम, पति/पत्नीको नाम, बाजेको नाम)
- औंला-छाप (१० वटा औंला)
- आखाँको नानि (Iris)
- परिचय नम्बर
- फोटो
- राष्ट्रियता
- हस्ताक्षर
- चिप्स

## ४) राष्ट्रिय परिचयपत्र प्रणालीको उद्देश्य के हो ?

- नेपाली नागरिकहरूको वैयक्तिक र जैविक विवरणहरूको केन्द्रीकृत रूपमा भन्डारण तथा अभिलेखन गरी सबै नागरिकहरूलाई परिचय खुल्ने र नदोहरिने गरी बहुउपयोगी राष्ट्रिय परिचय नम्बर (Unique Digital Identification) प्रदान गर्ने।
- नेपाली नागरिकहरूलाई राष्ट्रिय पहिचान सहितको बहुपयोगी बायोमेट्रिक स्मार्टकार्ड प्रदान गर्ने ।
- राष्ट्रिय परिचयपत्र प्रदान गर्न आवश्यक पर्ने पूर्वाधारहरू, नीति तथा कानूनहरूको तर्जुमा गर्ने ।
- नेपाल सरकारबाट नेपाली नागरिकहरूलाई प्रदान गर्ने सेवा सुविधाहरूलाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आवद्ध गर्नुका साथै सो प्रणालीबाट प्राप्त हुने तथ्याङ्क तथा अभिलेखहरूलाई नीति तथा योजना निर्माणमा प्रयोग गर्ने ।

## ५) राष्ट्रिय परिचयपत्र पाउनका लागि कस्तो योग्यता चाहिन्छ र प्राप्त गर्न के गर्नुपर्छ ?

राष्ट्रिय परिचयपत्र पाउनका लागि निम्न लिखित योग्यता चाहिन्छ ।

- १६ वर्ष उमेर पुरा भएको ।
- नेपाली नागरिकताको प्रमाण- पत्र लिएको ।
- परिचयपत्र प्राप्त गर्न योग्य व्यक्तिले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोकेको निकाय वा अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्छ । निवेदन दिँदा परिचयपत्र प्राप्त गर्न चाहने व्यक्तिले स्वंम उपस्थित भै विभागले तोकेको निकाय वा अधिकारीलाई डिजिटल तस्विर, दुवै हातका १० औंलाको रेखा सहितको डिजिटल ल्याप्चे छाप, हस्ताक्षर लगायतका व्यैक्तिक तथा जैविक विवरण उपलब्ध गराउनुपर्छ ।

## ६) राष्ट्रिय परिचयपत्रबाट नेपाली नागरिकलाई के फाइदा हुन्छ ?

राष्ट्रिय परिचयपत्रलाई नागरिकहरूले निम्न प्रयोजनका लागि उपयोग गर्न सक्नेछन् ।

- व्यक्तिको राष्ट्रिय पहिचानपत्रको रूपमा ।
- मतदाता परिचयपत्रको रूपमा ।
- सबै किसिमका सार्वजनिक सेवा प्राप्त गर्ने आधारको रुपमा।
- सामाजिक सुरक्षा कार्डका रूपमा ।
- सुरक्षा व्यवस्थापनको लागि सहयोगी अभिलेखका रूपमा ।
- अन्य सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आवद्ध गरेपछि सार्वजनिक सेवा प्रदायक निकायहरुले झन्झट रहित, छोटो समय र कम लागतमा सेवा प्रदान गर्ने सम्भावना हुन्छ ।

## ७) राष्ट्रिय परिचयपत्रको प्रयोगकर्ता को को हुन सक्छन् ?

निम्न व्यक्तिहरूले राष्ट्रिय परिचयपत्रको प्रयोग गर्दछन् ।

- नेपाली नागरिकहरू
- सेवा प्रदायक निकायहरु·
- सुरक्षा अनुसन्धान र न्यायिक निकायहरु
- कानूनले तोकेका अन्य व्यक्ति तथा संस्थाहरु

## ८ ) राष्ट्रिय परिचयपत्र कहाँबाट वितरण गरिन्छ ?

- सिंहदरबारमा रहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट परिचयपत्र तयार गरी प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयहरूबाट वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोकेको स्थानबाट वितरण गरिन्छ ।

## ९) जैविक तथा वैयक्तिक पहिचान भनेको के हो ?

- राष्ट्रिय परिचयपत्रको सन्दर्भमा जैविक पहिचान भन्नाले व्यक्तिको फोटो र दश औंलाको छाप (Finger Print) भन्ने बुझिन्छ । वैयक्तिक पहिचान अन्तर्गत व्यक्तिको नाम, थर, ठेगाना, उमेर, लिंग तथा त्यस्तै अन्य व्यक्तिगत विवरणहरू पर्दछन् ।

## १०) चिप्स भनेको के हो र किन प्रयोग गरिन्छ ?

- राष्ट्रिय परिचयपत्रको पृष्ठ भागमा राखिएको तथ्यांक सुरक्षित राख्ने विद्युतिय साधन चिप्स हो । चिप्समा विभिन्न प्रकृतिका विवरण र तथ्यांकलाई पर्याप्त परिमाणमा संग्रह गरेर राख्न मिल्छ ।

यसमा राष्ट्रिय परिचयपत्रसँग सम्बन्धित विवरणको अतिरिक्त अन्य विवरणहरु जस्तै PAN, सवारी चालक अनुमतिपत्र (Driving license), गरीब पहिचान परिचयपत्र समेत राख्न सकिन्छ ।

### ११) राष्ट्रिय परिचयपत्रमा रहने व्यक्तिगत विवरणहरूको गोपनीयता कसरी सुनिश्चित गरिएको हुन्छ ?

- आवश्यक परेको अवस्थामा सम्बन्धित व्यक्तिले आफ्नो विवरण उपयोग गर्न सक्दछ तर विभिन्न निकायले कानूनद्वारा तोकिए बमोजिम मात्र प्रयोग गर्न सक्ने गरी गोपनियता सुनिश्चित गरिएको हुन्छ ।
- राष्ट्रिय परिचयपत्र प्रणालीमा रहेको विवरण कसले कुन प्रयोजनको लागि हेर्यो, सोको अभिलेखीकरण समेत प्रणालीले गर्ने व्यवस्था रहेको छ ।

### १२) राष्ट्रिय परिचयपत्र हराएमा कसरी प्रतिलिपि लिन सकिन्छ ?

- राष्ट्रिय परिचयपत्र हराएमा, नासिएमा वा झुत्रो भई काम नलाग्ने भएमा वा कुनै कारणबाट प्रयोगमा आउन नसक्ने भएमा सोको कारण सहित तोकिए बमोजिम स्थानीय निकायबाट सिफारिस गराई सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत विभाग समक्ष निवेदन दिएमा अभिलेख रूजु गरी प्रतिलिपीको रूपमा राष्ट्रिय परिचयपत्र उपलब्ध गराइन्छ ।

### १३) नागरिकता नभएको व्यक्तिले कसरी परिचयपत्र पाउँदछन् ?

- हाललाई नागरिकताको प्रमाणपत्र लिएर सोही आधारमा मात्र राष्ट्रिय परिचयपत्र प्राप्त गर्ने व्यवस्था छ ।

### १४) राष्ट्रिय परिचय नम्बर भनेको के हो ?

- प्रत्येक व्यक्तिको पहिचानलाई सजिलोसंग प्रस्तुत गर्न प्रयोग गरिएको सांकेतिक नम्बरलाई राष्ट्रिय परिचय नम्बर भनिन्छ । प्रत्येक व्यक्तिलाई फरक-फरक रूपमा उपलब्ध गराइएको सांकेतिक अंक राष्ट्रिय परिचयपत्रमा राखिएको हुन्छ, जसलाई Individual Unique Number पनि भनिन्छ ।

### १५) राष्ट्रिय परिचयपत्र वितरणमा कुन कुन निकायको कस्तो भूमिका रहन्छ ?

- राष्ट्रिय परिचयपत्रका लागि आवश्यक पर्ने विवरण संकलन गरी विभागमा पठाउने र विभागमा प्रशोधन भई निर्मित राष्ट्रिय परिचयपत्र वितरण गर्ने काम जिल्ला प्रशासन कार्यालयले तथा स्थानीय तहबाट गरिन्छ । राष्ट्रिय परिचयपत्रका लागि सिफारिश गर्ने तथा व्यक्तिगत घटना विवरणहरू (जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेद आदि) दर्ता गरी सो को विवरण विभागमा उपलब्ध गराउने कार्य स्थानीय तहबाट गरिन्छ । अन्य विभिन्न निकायले समेत यस कार्यमा सहयोग गर्न सक्दछन् ।

### १६) राष्ट्रिय परिचयपत्र लागु भएपछि नागरिकता प्रमाण पत्रको प्रयोग कसरी गरिन्छ ?

- नेपाली नागरिकता प्रमाणपत्र तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन सुचना प्रणाली दुवै संवैधानिक व्यवस्था भएकोले प्रचलित कानून अनुसार दुवैको उपयोग हुन्छ । हाल कानून अनुसार जारी गरिएका पहिचान कार्डहरु सम्बन्धित कानून अनुसार प्रयोग तथा उपयोग हुन सक्दछन् ।









# कार्यालय प्रमुखहरुको बैठक

**मिति २०७७ श्रावण ०५ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्थित सर्म्पूण कार्यालयका प्रमुखहरुको बैठक सम्पन्न भई देहाय बमोजिमको निर्णय भएको छ ।**



कार्यालय प्रमुखको बैठक

1. आ.व. ०७६/७७ को विनियोजित बजेट मध्ये संघको तर्फ ७९.२१ % पूँजीगत तर्फ ४८.५९ % प्रदेश तर्फ चालु ६६.७० % र पूँजीगत तर्फ ७५.४८ % प्रगति भएको समीक्षा गरियो ।
2. आ.व. २०७७/०७८ को बजेटको प्रभावकारी कार्यान्वयनका लागि समय सीमा सहितको कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।
3. वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारी चरण पूरा गरी कार्यक्रम/आयोजनाको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी श्रावण मसान्त भित्र बोलपत्र आह्वानको तयारी गर्ने ।
4. आयोजना/कार्यलय प्रमुखले अन्य कर्मचारीहरुलाई कार्य विवरण, कार्यसम्पादन सूचकहरु तयार गरी आवश्यक अधिकार, जिम्मेवारी र उत्तरदायित्व सहित खटाउने ।
5. नेपाल सरकारबाट जारी हुने सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड/ निर्देशिका २०७७ बमोजिम कार्य गर्ने व्यवस्था मिलाउने ।
6. सूचनाको हक सम्बन्धि ऐन २०६४ बमोजिम प्रत्येक कार्यालयहरुबाट सम्पादन भएका कार्यहरु सहितको वार्षिक विवरण र प्रत्येक ३/३ महिनामा भएका कार्यहरुको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
7. सबै कार्यालयले सूचना अधिकारी मार्फत सम्बद्ध सूचनाको जानकारी शिघ्र प्रवाहको व्यवस्था मिलाउने ।
8. आर्थिक वर्ष समाप्त भएको सन्दर्भमा कार्यालयहरु नै खाली हुने गरी कर्मचारीहरु काज/विदामा बस्ने परिपाटीको अन्त्य गरी आवश्यकताका आधारमा मात्र काज/विदा स्वीकृत गर्ने/गराउने व्यवस्था मिलाउने । कार्यालयमा काम नरोकिने व्यवस्था मिलाउने ।
9. कोभिड-१९ सम्बन्धि सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गर्ने गराउने गरी सेवा प्रवाहको व्यवस्था मिलाउने ।
10. कार्यालय परिसर नियमित रुपमा सरसफाई गर्ने, लिलाम गर्नु पर्ने सामान समयमा नै लिलाम विक्री गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पतिको संरक्षण गर्ने ।
11. घरेलु तथा साना उद्योग कार्यालयले प्रशासन तथा स्थानीय तहसँग समन्वय गरी नियमित बजार अनुगमनको व्यवस्था मिलाउने ।
12. यस बर्षको मौसम सुरु भएकोले बाढी पहिरो, डुवानका कारण हुने भौतिक पूर्वाधारमा क्षतिको लागि आंकलन गरी नियन्त्रण तथा रोकथाम गर्ने व्यवस्था मिलाउने ।
13. विद्युत, संचार, खानेपानी लगाएत अत्यावश्यक सेवाको नियमित आपूर्ति र मर्मत संभारको व्यवस्था मिलाउने ।
14. कृषि ज्ञान केन्द्रले जिल्लाको रासायनिक मलको माग, जिल्लालाई प्रयाप्त हुने रासायनिक मलको परिमाण अध्याविधक गरी मल विउ विजनका नियमित आपूर्तिको व्यवस्था मिलाउने ।
15. पूर्वाधार निर्माण आयोजना र कार्यालयका बाहिरी जिल्लाबाट आउने कामदार/कर्मचारीलाई जिल्ला प्रशासनको समन्वयमा ल्याई क्वारेन्टाइनमा राखी तत्पश्चात काम गर्ने व्यवस्था मिलाउने ।
16. स्वास्थ्य कार्यालयले भारत लगाएत तेस्रो मुलुकबाट आएका नागरिकहरुको तथ्याङ्क अध्यावधिक गर्ने, क्वारेन्टिन र आइसोलेसनमा पर्याप्त स्वास्थ्यकर्मी खटाउने, अनुगमन गर्ने र जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रमा प्रतिवेदन गर्ने ।
17. जिल्ला अस्पतालले नियमित PCR परीक्षणको व्यवस्था मिलाउने, प्रदेश सरकार तथा जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार ५० (पचास) बेडको Isolation तयार गर्ने आवश्यक व्यवस्था मिलाउने ।
18. सबै कार्यालयले गुर्जो, कागती लगाएत अन्य बिरुवाहरु कार्यालय परिसरमा रोप्ने व्यवस्था मिलाउने ।

# जिल्ला विपद् व्यवस्थापन समितिको बैठक

## मिति २०७७ श्रावण १३ गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट भएका निर्णयहरु

1. कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धि भएका कार्य तथा विपद् उद्धार तथा प्रतिकार्य सम्बन्धी भएका कार्य हाल सम्म ८९२ जनाको RDT परिक्षण, ५३० जनाको PCR परीक्षण गरिएको, २५ जनाको कोभिड-१९ संक्रमण पुष्टि भएकोमा २३ जनाको Negative प्रतिवेदन आएको, हाल २ जना आइसोलेसनमा हरेक, ४७८ जना क्वारेन्टनमा राखिएकोमा ३६९ फिर्ता भई हाल ८७ जना क्वारेन्टिनमा रहेका छन् । हाल ५०९ वटा क्वारेन्टिन वेड र ८९ वटा आइसोलेसन वेड रहेका छन् । नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धि आदेश, २०७७ जारी भए पछि भारत बाहेक ११ वटा मुलुकबाट ९७ जना यस जिल्लामा ल्याइएको समीक्षा गरियो ।
2. कोभिड-१९ को जोखिमलाई न्यूनीकरण गर्न जनस्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी सार्वजनिक सेवा, विकास निर्माण र व्यापार व्यवसाय सञ्चालन गर्ने ।
3. कोभिड-१९ को संक्रमणको जोखिम कायम भएकोले सबै पालिका, निजी क्षेत्र, स्वास्थ्य संस्था, राजनैतिक दल, गैसस महासंघ, नेपाल रेडक्रस सोसाइटी, पत्रकार महासंघ, सुरक्षा निकाय लगायत सबै सेवा प्रदायकले अनिवार्य मास्क लगाउने, एक अर्का बिच निश्चित दूरी कायम गर्ने र साबुन वा स्यानीटाइजरले अनिवार्य हात धुने व्यवस्थाको लागि प्रचार प्रसार गर्न अनुरोध गर्ने ।
4. विगत केही दिन देखि भएको वर्षा, क्षति र सम्भावित जोखिमको बारेमा जानकारी भयो, बाढी, पहिरो, डुवान सम्भावित जोखिमबाट सुरक्षित तथा सतर्कता अपनाउन सबै तहबाट सूचना जारी गर्ने ।
5. मौसम पूर्वानुमान विभागद्वारा जारी गरिएको सूचना बमोजिम बाढी, पहिरो, डुवानबाट सुरक्षित रहन जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी जिल्ला स्थित पत्रकार महासंघद्वारा स्थानीय एफ.एम. रेडियोमा सूचनाहरु प्रचार प्रसार गर्न अनुरोध गर्ने ।
6. पूर्व सचेतना उद्दार कार्य एवं नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न जिल्ला स्थित सुरक्षा निकायहरु तयारी अवस्थामा रहन अनुरोध गर्ने ।



जिल्ला विपद व्यवस्थापन समितिको बैठक

7. विपद्जन्य घटनाबाट हुने क्षतिलाई न्यूनिकरण गर्दै विपदजन्य घटनामा पूर्व तयारी, उद्धार एवं राहत र पुनर्लाभ कार्यको लागि स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, विषयगत कार्यालयहरु, राजनैतिक दलहरु, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, नागरिक समाज, गैर सरकारी संघ संस्था, सञ्चार माध्यमहरुले आ-आफ्नो क्षेत्रबाट क्रियशिल भई कार्य गर्ने ।
8. खोज उद्दार तथा राहत सामाग्री जिल्ला तथा स्थानीय तहमा आवश्यकता अनुसार भण्डारणको ब्यवस्था गर्ने ।
9. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ मा प्राप्त सुझावहरु समावेश गरी पारित गर्ने ।
10. आ.व. ०७६/७७ मा जिल्ला विपद् व्यवस्थापन समितिको खातामा रहेको आम्दानी रु.२३,७९,६०९।- (तेइस लाख उनान्असी हजार छ सय नौ मात्र) र खर्च रु. १६,८५,९१०।- (सोह्र लाख पचासी हजार नौ सय दश मात्र) तथा बाँकी खातामा रु. ६,९३,६९९।- (छ लाख त्रिनब्बे हजार छ सय उनन्सय मात्र) जानकारी एवं अनुमोदन गरियो ।
11. जिल्ला विपद् व्यवस्थापन समितिबाट सबै पालिकाहरुमा तपसिल बमोजिमका राहत सामाग्रीहरु विभिन्न मितिमा वितरण गरिएको जानकारी गराइयो ।

| सि.नं. | पालिका | त्रिपाल | कम्मल | डोरी |
|---|---|---|---|---|
| १. | मन्थली नगरपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| २. | रामेछाप नगरपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ३. | उमाकुण्ड गाउँपालिका | २५० वटा | ३० वटा | १० मुठ्ठा |
| ४. | खाँडादेवी गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ५. | गोकुलगंगा गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ६. | लिखु तामाकोशी गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ७. | दोरम्बा गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ८. | सुनापति गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| **जम्मा** | | १६५० | २४० | ८० |

12. जोखिममा रहेका वस्तीको पहिचान गरी त्यस्ता वस्तीको संरक्षण तथा वस्ती स्थानान्तरण लगायतको कार्य गर्न आवश्यक बजेट स्रोत साधनको व्यवस्था सहितको प्रस्ताव स्थानीय तहले तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति मार्फत प्रदेश सरकार तथा संघीय सरकारमा पठाउने ।
13. बाढी, पहिरो, डुवान जस्ता उच्च जोखिममा रहेका स्थानमा बसोबास गर्ने नागरिकलाई खाली भवन, स्थान पहिचान गरी सुरक्षित स्थानमा बसोबास गर्ने व्यवस्था जिल्ला विपद् व्यवस्थापन समितिको सहयोगमा सबै स्थानीय तहले मिलाउने ।
14. स्थानीय तहको विपद् व्यवस्थापन समितिलाई सकृय बनाई सूचना, सतर्कता तथा तत्काल उद्धार र पुर्नस्थापना गर्ने ।
15. सबै पालिकामा रहेका हेभि इक्विपमेन्ट, गल, बेल्चा, सावेल, प्राथमिक स्वास्थ्य उपकरण तयारी अवस्थामा राख्ने।
16. विपद्बाट भएको धनजनको क्षतिको विवरण स्थानीय विपद् व्यवस्थापन समितिले तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई शिघ्र उपलब्ध गराउने ।
17. जिल्लाकै दुर्गम पालिकामा रहेको उमाकुण्ड गाउँपालिकाको उपयुक्त स्थानमा सम्बन्धित पालिकाले हेलिप्याट निर्माण गर्ने । उक्त कार्यको लागि स्थान छनौट तथा प्राविधिक सल्लाहको लागि श्री नयाँ गोरख गणलाई अनुरोध गर्ने ।
18. विपद् पीडित उद्दार र राहत सम्बन्धि (सातौं संशोधन) मापदण्ड २०७७ को ३ (च) बमोजिम मनसुनको अवधिमा बाढी, पहिरो, डुवान तथा कटान लगायतका कारण पूर्ण रुपमा घर क्षति भई घरवार विहिन भएकाहरुका लागि २०७२ सालको भुकम्प पीडितलाई प्रदान गरिए बराबरको सहायता सोही विधि र प्रक्रियाबाट उपलब्ध गराउन अर्थ मन्त्रालयबाट आवश्यक बजेट माग गरी शहरी विकास मन्त्रालयले आवास निर्माण कार्य गर्ने व्यवस्था मिलाउने व्यवस्था अनुसार सो कार्य शहरी विकास तथा भवन निर्माण कार्यालयले गर्ने । मापदण्डको ३ (ज) बमोजिम विपद् पीडितहरुलाई क्षति भएको घर पुनः निर्माणका लागि प्रचलित कानून बमोजिम जिल्ला स्थित वन कार्यालय मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने ।
19. राहत बितरण गर्दा तथा पीडितलाई उद्दार गरी अस्थायी आश्रय स्थलमा राख्दा संकटासन्न अवस्थामा रहेका सुत्केरी, गर्भवती महिला, वालवालिका, जेष्ठ नागरिक, विरामी तथा अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकतालाई विशेष ध्यान दिई प्राथमिकताका आधारमा व्यवस्था गर्ने ।
20. विद्यालय जाने उमेर समूहका बालबालिकाको पाठ्यपुस्तक बिद्यालय पोषाक लगायत शैक्षिक सामाग्री विपद्को कारणले नष्ट भई तत्काल ब्यवस्था गर्नु पर्ने भएमा सामाजिक संघ संस्था तथा गैरसरकारी संघ संस्था र सम्बन्धित विषयगत निकायको समन्वयमा स्थानीय तह मार्फत उपलब्ध गराउने ।
21. विपद्को प्रकृति अनुरुप पीडितहरुको खोज तथा उद्दार गर्ने कार्यको लागि न्यूनतम २५ जनाको जनशक्ति परिचालन गर्ने गरी ब्यवस्था मिलाउने ।
22. खाद्यान्न, इन्धन लगायत अत्यावश्यक बस्तुको नियमित आपूर्तिको व्यवस्था तथा उचित मात्रामा खाद्यान्न भण्डारणको व्यवस्था जिल्ला स्थित उद्योग बाणिज्य संघले मिलाउने ।
23. भौतिक पूर्वाधार निमार्ण गर्दा भवनसंहिताको पूर्ण रुपमा पालना गर्ने/गराउने व्यवस्था सम्बन्धित निकायले मिलाउने ।
24. तेस्रो मुलुकबाट आएका नागरिकलाई काठमाण्डौको होल्डिङ्ग सेन्टरबाट रामेछापसम्म ल्याउनको लागि २०७७ भाद्र ०३ गते देखि नेपाल रेडक्रस सोसाइटी रामेछापको समन्वयमा सबै पालिकाले व्यवस्था गर्ने ।
25. कोभिड-१८ को रोकथाम तथा नियन्त्रण तथा विपद् व्यवस्थापनमा सहयोग गर्नु हुने सम्पूर्ण जिल्लाबासी महानुभावहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

# मिति २०७७ श्रावण २३ मा जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकबाट भएको मुख्य-मुख्य निर्णयहरु



DCCMC को बैठक

1. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धि भएका कार्य तथा विपद् उद्धार तथा प्रतिकार्य सम्बन्धी भएका कार्य हाल सम्म ८९२ जनाको RDT परिक्षण, ६५० जनाको PCR परीक्षण गरिएको, २७ जनाको कोभिड-१९ संक्रमण पुष्टि भएकोमा २३ जनाको Negative प्रतिवेदन आएको, हाल ४ जना आइसोलेसनमा रहेका, हाल ७५ जना क्वारेन्टिनमा रहेके समीक्षा गरियो ।
2. देशभर निरन्तर बढ्दो क्रममा रहेको कोभिड-१९ महामारीलाई नियन्त्रण गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी होम क्वारेन्टिन र होम आइसोलेसनको मापदण्ड पूर्ण रुपमा जिल्लामा पालना गर्न नसकिने देखिएकाले अर्को निर्णय नभए सम्मका लागि संक्रमित स्थानबाट जिल्ला भित्रिएकालाई संस्थागत क्वारेन्टिन र आइसोलेसनमा राख्ने व्यवस्था मिलाउन सबै पालिकाहरुलाई अनुरोध गर्ने ।
3. जिल्ला भित्र प्रवेश नाकामा चेक जाँचलाई थप कडाई गर्ने
4. औषधी इन्धन बाहेक सबै पसलहरु विहान ५ बजे देखि दिउँसो ४ बजे सम्म मात्र सञ्चालन गर्ने ।
5. यस जिल्ला भित्र लाग्ने हाटबजारहरु अर्को व्यवस्था नभए सम्मलाई बन्द गर्ने ।
6. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी जनस्वास्थ्य मापदण्ड तथा गृह मन्त्रालयद्वारा जारी सुरक्षा मापदण्ड सबै सरकारी, गैरसरकारी, बैंक, वित्तीय संस्था, सहकारी संस्था, उद्योगी, व्यापारीहरुले कडाईका साथ पालना गर्ने/गराउने ।
7. सबै पालिकाको समन्वयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी अनिवार्य मास्क, निश्चित दुरी कायम गर्ने र साबुनपानी वा स्यानीटाइजरले हातधुने व्यवस्था जनस्वास्थ्य कार्यालयले मिलाउने ।
8. सामुदायिक प्रहरी साझेदारी कार्यक्रमद्वारा कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
9. जनस्वास्थ्य र सुरक्षाका मापदण्डको उल्लंघन गर्ने, व्यक्ति, समूह, संस्था, सञ्चालनको उच्च निगरानी गरी कार्वाही गर्ने ।
10. कोरोना जाँचको दायरा बढेसँगै जिल्लामा संक्रमितको संख्या बढ्न सक्ने देखिएकाले आ-आफ्ना पालिकाले आफ्नो नागरिकको उपचारको लागि उपयुक्त स्थान र वेड सहितको आइसोलेसन तयार गर्ने र त्यसका लागि स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालसँग समन्वय गर्ने ।
11. मिति २०७७/०४/१४ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको कोरोना जाँचको नियमावलीलाई अवलम्बन गर्दै जिल्ला भरी संक्रमित स्थानबाट भित्रिने सबैलाई जिल्ला भित्रिएको ५-१० दिनमा कोरोना जाँच गर्ने, साथै अग्रपङ्तिमा कार्यरत व्यक्तिहरुलाई पनि जाँचको दायरामा ल्याउने र त्यसको लागि जिल्ला कोरोना सम्पर्क व्यक्ति (डा. आनन्द आचार्य) सँग प्रत्यक्ष समन्वय गर्ने ।
12. खाद्यान्न, इन्धन लगायत अत्यावश्यक बस्तुको आपूर्तिको व्यवस्था रामेछाप उद्योग बाणिज्य संघले मिलाउने ।
13. जिल्लामा सञ्चालित एम्बुलेन्सहरुले विरामी बाहेक अन्य व्यक्ति बोक्ने, बिरामी बोक्न नमान्ने जस्ता गुनासो आएकाले सबै पालिका, स्वास्थ्य कार्यालय र जिल्ला प्रहरी कार्यालयले सोको निगरानी गरी नियमित सञ्चालनको व्यवस्था मिलाउने ।
14. धर्म, संस्कार, विवाह, ब्रतवन्ध, चाडपर्व, मृत्यसंस्कारमा न्यूनतम व्यक्तिहरु मात्र जम्मा भई सम्पन्न गर्ने ।
15. होटल एवं रेष्टुरेन्टमा हुने सामुहिक भोज, पार्टी, सेमिनार वा अन्य सामुहिक भेला जस्ता कार्य निषेध गर्ने ।
16. औषधी व्यवसायीहरुले स्वास्थ्य सुरक्षाका सामाग्रीहरु सुपथ मुल्यमा विक्री वितरणको व्यवस्था मिलाउने, यसको अनुगमन जिल्ला स्वास्थ्य कार्यालयले मिलाउने ।
17. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक सूचना सन्देश सबै पालिका/निकाय, संघ/ संस्था, सञ्चार माध्यमहरुले प्रचार प्रसार गर्ने ।

# तपाईको 'मास्क' खै ? अभियान शुरु




तपाईको 'मास्क' खै ? अभियान पश्चात मास्क नलागाई हिड्ने र अटेरी गर्नेहरु उपर ४९४ जनालाई रु.४९,४०० जरिवाना गरिएको छ

मन्थली बजारमा 'मास्क' खै ? अभियान र्‍यालि सहित मास्क वितरण








रामेछाप न.पा.मा 'मास्क' खै ? अभियान र्‍यालि



विश्वमा महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को जोखिम न्यूनिकरण गर्न तथा जनचेतनामूलक सन्देश फैलाउनका लागि यस कार्यालय र जिल्ला प्रहरी कार्यालय रामेछापको संयुक्त आयोजनामा तपाईको मास्क खै? अभियान शुरु गरीएको छ । उक्त अभियान नारा "कोभिड-१९ को संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं" भन्ने रहेको छ । यो अभियान मिति २०७७/०४/१४ गते जिल्ला सदरमुकाम मन्थलीमा र मिति २०७७/०४/२७ गते रामेछाप बजारमा र्‍यालि सहित मास्क वितरण गरिएको छ ।अभियानको दिन मन्थली बजारमा मास्क विना हिडडुल गर्ने नागरिकहरुलाई २२०० वटा र रामेछाप बजारमा ७०० वटा गरी जम्मा २९०० वटा मास्क वितरण गरि त्यसपछि स्वयमले किनेर लगाउने पर्ने, नलगाउनेलाई जरिवाना काटिने जानगारी गराइएको र कोभिड-१९ बाट बच्नका लागि अनिवार्य मास्क लगाई हिड्न अनुरोध गरिएको छ ।

# कार्यालय परिसर सरसफाई





कार्यालय परिसर सरसफाई





राष्ट्रिय सरसफाई अभियान नियमीत संचालन गर्ने कार्यक्रम अनुरुप यस कार्यालयले श्रावण ९ गते कार्यालय समय पश्चात कार्यालयका सम्पूर्ण कर्मचारीहरु सम्मिलित कार्यालय परिसर सरसफाई गरिएको छ । साथै कार्यालय परिसरमा गमला राखि फूलका, गुर्जो र कागती लगायतका विरुवाहरु रोप्ने कार्य गरी कार्यालयलाई स्वच्छ, सफा र हराभरा बनाउने कार्यलाई अघि सारिएको छ । यो कार्य आगामी दिनहरुमा पनि निरन्तर चलिरहने छ । सवै जिल्लावासी निकाय उद्योगी व्यवसायी, संघसंस्था तथा कार्यालय प्रमुखहरुलाई नियमित रुपमा कार्यालय परिसर तथा कार्यस्थल सरसफाई गर्न निर्णयानुसार पत्राचार गरिएको छ।सार्वजनिक स्थलको फोहोर व्यवस्थापनको पालिकाहरुलाई अनुरोध गरिएको छ ।

# स्वागत तथा विदाई कार्यक्रम



प्र.जि.अ. द्वारा प्र.से. श्री विष्णु सापकोटालाई स्वागत गर्नु हुँदै



प्र.जि.अ.द्वारा प्र.से.श्री गणेश सिंह भण्डारी ज्यूलाई विदाई गर्नु हुँदै

नयाँ गोरख गणमा सरुवा भई आउनु भएका प्रमुख सेनानी श्री विष्णु प्रसाद सापकोटालाई स्वागत एंव नयाँ गोरख गणबाट सरुवा भई जंगि अड्डा काठमाडौंमा जाने क्रममा रहनु भएका प्रमुख सेनानी श्री गणेश सिंह भण्डारीलाई रामेछाप जिल्ला सुरक्षा समितिद्वारा मिति २०७७/०४/२५ गते एक कार्यक्रम विच स्वागत तथा विदाई कार्यक्रम आयोजना गरिएको थियो।

# जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को विभिन्न संरचना/सम्पर्क

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|
| श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | ९८५४०५७७७७ |
| श्री फडिन्द्र दाहाल | जि.स.अ. | ९८५४०४०१०७ |
| श्री राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | ९८५११७३४२६ |
| श्री विष्णु प्रसाद सापकोटा | प्रमुख सेनानी | ९८५११३६७८० |
| श्री बसन्त पाठक | प्र.ना.उ. | ९८५४०५५५५५ |
| श्री रमेश कुमार थापा | प्र.ना.उ. | ९८४१४२३४६६ |
| श्री सुबास कार्की | प्र.अ.अ. | ९८४१९०८०९६ |
| श्री जितेन्द्र कमार कर्ण | स्वास्थ्य प्रमुख | ९८५४०४५००७ |
| डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | ९८४९१७७०५७ |

## जिल्ला स्तरीय निर्देशक समिति गठन

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| प्रमुख/अध्यक्ष, नगरपालिका/गाउँपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.ना.उ., स.प्र.ब. नेपाल | सदस्य |
| प्र.अ.अ., रा.अ.जि.का. | सदस्य |
| कार्यालय प्रमुख, स्वास्थ्य कार्यालय | सदस्य |
| डा. आनन्द प्र. आचार्य, जिल्ला अस्पताल | सदस्य |

## सल्लाकार समूह

- प्रतिनिधि सभा सदस्य, माननीय सांसद श्री श्यामकुमार श्रेष्ठ
- प्रदेश सभा सदस्य एवं आर्थिक मामीला तथा योजना मन्त्री, माननीय सांसद श्री कैलाश प्रसाद ढुंगेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री शान्ति प्रसाद पौडेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री रिता माझी

## कोभिड-१९ सम्बन्धी रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको सम्पर्क नम्बर

| कार्यालय | संयोजकको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| स्वास्थ्य कार्यालय | श्री विद्या खनाल | ९८५४०४५००७ |
| जिल्ला अस्पताल | डा. आनन्द आचार्य | ९८४९१७७०५७ |
| मन्थली नपा | श्री केशव फुयाल | ९८५४०४०३४७ |
| रामेछाप नपा | श्री विष्णु कार्की | ९८५४०४३४०१ |
| लिखु तामाकोशी गापा | श्री जयप्रकाश राय | ९८४४२०१०६२ |
| सुनापति गापा | श्री प्रवल योञ्जन | ९८५११८७०८३ |

## जिल्लास्तरीय Rapid Response Team (RRT)

| | |
|---|---|
| स्वास्थ्य प्रमुख श्री जितेन्द्रकुमार कर्ण, स्वास्थ्य कार्यालय | संयोजक |
| चिकित्सक डा. आनन्दप्रसाद आचार्य, जिल्ला अस्पताल | सदस्य |
| प.हे.न., श्री धन बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| खो.अ., श्री रामकृष्ण बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| उपसभापति, श्री रामविष्णु बस्नेत, नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| स्वास्थ्य संयोजक श्री विष्णु बहादुर कार्की, रामेछाप नपा | सदस्य |
| सि.अ.हे.व.अ., श्री दिपेन्द्र नारायण श्रेष्ठ, रामेछाप अस्पताल | सदस्य |
| अ.न.मि. श्री ममता थापा, रामेछाप अस्पताल | सदस्य |
| ल्या.टे. श्री राजेश प्रसाद पाल. स्वास्थ्य कार्यालय | सदस्य-सचिव |

## स्थानीय तहहरुको प्रमुख/अध्यक्षहरुको नामावली एवं सम्पर्क नम्बरहरु

| नपा/गापा | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| मन्थली न.पा. | प्रमुख | श्री रमेशकुमार बस्नेत | ९८५१०४८४५८ |
| रामेछाप न.पा. | प्रमुख | श्री नरबहादुर थापा मगर | ९८५१११३८०२ |
| उमाकुण्ड गा.पा. | अध्यक्ष | श्री शेर ब.सुनुवार | ९८४३०८१८५१ |
| खाँडादेवी गा.पा | अध्यक्ष | श्री प्रेम ब.तामाङ | ९८५४०४०१६८ |
| गोकुलगंगा गा.पा. | अध्यक्ष | श्री खड्क सुनुवार | ९८५११७१३२५ |
| लिखुतामाकोशी गा.पा. | अध्यक्ष | श्री गोबिन्दबहादुर खड्का | ९८५१०९७७३९ |
| दोरम्बा गा.पा. | अध्यक्ष | श्री कमान सिंह तामाङ | ९८५४०४३९६९ |
| सुनापति गा.पा. | अध्यक्ष | श्री धावा लामा | ९८५४०४००४० |

# २०७७ साल श्रावण मसान्त सम्म भारत लगायत तेस्रो मुलुकबाट नेपाल आई क्वारेन्टिनमा रहेको व्यक्तिहरुको विवरण

| सि. न. | देश/मुलुक | मन्थली नगरपालिका | | रामेछाप नगरपालिका | | उमाकुण्ड गाउँपालिका | | खाँडादेवी गाउँपालिका | | गोकुलगंगा गाउँपालिका | | लिखु तामाकोशि गाउँपालिका | | दोरम्बा गाउँपालिका | | सुनापति गाउँपालिका | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | जम्मा |
| १. | दुबई | ० | १० | ३ | ७ | ० | २ | १ | ३ | ० | ५ | ० | ३ | ० | ७ | २ | ७ | ६ | ४५ | ५१ |
| २. | ओमन | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ४ | ४ |
| ३. | कतार | ० | ६ | ० | २ | ० | ० | १ | ४ | ० | ० | ० | १ | ० | २ | ० | ० | १ | १५ | १६ |
| ४. | बहराईन | १ | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ३ |
| ५. | मलेशिया | ० | २ | ० | २ | ० | ० | ० | ३ | ० | ३ | २ | ५ | ० | ० | २ | ८ | ४ | २३ | २७ |
| ६. | माल्दिभ्स | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ७. | कुबेत | २ | ९ | ० | ६ | ० | ० | १ | ० | ० | ० | ० | ४ | ० | २ | ० | १ | ३ | २२ | २५ |
| ८. | साउदी | ० | ८ | ० | ८ | ० | ० | ० | ६ | ० | ४ | ० | २ | ० | १ | ० | १ | ० | ३० | ३० |
| ९. | भारत | ६ | १३२ | १ | ६१ | ० | २ | ५ | ४३ | ६ | ४५ | ६ | ६१ | १ | ९ | १ | ४ | २६ | ३५७ | ३८३ |
| १०. | नेपाल | ० | ० | ५ | १० | ३४ | ९ | १ | २ | ० | ० | ० | २ | ० | ० | ० | ३ | ४० | २६ | ६६ |
| ११. | जोर्डन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ |
| १२. | थाईल्याण्ड | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ |
| १३. | चिन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ |
| १४. | बंगलादेश | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ |
| १५. | ईजराईल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ |
| १६. | डेन मार्क | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ३ |
| १७. | कोरिया | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | १ | १ |
| जम्मा | | ९ | १७० | ११ | ९९ | ३४ | १३ | १० | ६१ | ६ | ५८ | ८ | ७९ | १ | २१ | ६ | ३१ | ८५ | ५३२ | ६१७ |

- हाल सम्म करेन्टाईनमा रहेको संख्या ६१७ जना
- हाल सम्म होम करेन्टाईनमा रहेको संख्या १२६ जना

**टोल फ्रि नं. १६६०४८५४११४**
स्वास्थ्य कार्यालय, रामेछाप

## कोभिड-१९ को सम्बन्धि विवरण

| क्र. स. | स्थानीय तह/ अस्पताल | क्वारेन्टिन वेड संख्या | क्वारेन्टिनमा रहेका व्यक्तिको संख्या | | | क्वारेन्टिनबाट फिर्ता भएको संख्या | आइसोलेसन वेड संख्या | Report Positive आएको | निको भएका | स्वाव संकलन संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | | | |
| १ | जिल्ला अस्पताल रामेछाप | ० | ० | ० | ० | ० | १८ | ० | | ८७७ |
| २ | तामाकोशी अस्पताल | ० | ० | ० | ० | ० | १४ | ० | | |
| ३ | रामेछाप सामुदायिक अस्पताल | ० | ० | ० | ० | ० | ४ | ० | | |
| ४ | मन्थली नगरपालिका | ९९ | ९ | १७० | १७९ | १५६ | ३८ | ९ | ३ | |
| ५ | रामेछाप नगरपालिका | १०० | ११ | ९९ | ११० | १०१ | ३ | ० | ० | |
| ६ | उमाकुण्ड गाउँपालिका | ५३ | ३४ | १३ | ४७ | ४७ | ० | ० | ० | |
| ७ | खाँडादेवी गाउँपालिका | १२ | १० | ६१ | ७१ | ७१ | ७ | ० | ० | |
| ८ | गोकुलगंगा गाउँपालिका | ४९ | ६ | ५८ | ६४ | ४८ | ५ | ११ | ११ | |
| ९ | दोरम्बा गाउँपालिका | २१ | १ | २१ | २२ | २२ | १२ | १ | १ | |
| १० | लिखु तामाकोशी गा.पा. | १०५ | ८ | ७९ | ८७ | ७८ | ६ | १० | १० | |
| ११ | सुनापती गाउँपालिका | २६ | ६ | ३१ | ३७ | ३४ | ६ | २ | १ | |
| जम्मा | | ४६५ | ८५ | ५३२ | ६१७ | ५५७ | ११३ | ३३ | २६ | ८७७ |

⇨ RDT परीक्षण गरिएको संख्या:- ८९२ जना (महिला १८० पुरुष ७१२)

श्रोत: स्वास्थ्य कार्यालय

⇨ स्वाव परीक्षण प्रतिवेदन आउन बाँकी :-२२ जना

⇨ स्वाव परीक्षण Report Positive आएको:-३३ जना

⇨ आइसोलेसनमा रहेका:- ७ जना

⇨ स्वाव परीक्षण Report Negative आएको:- ८२२ जना

## जिल्लामा तयारी अवस्थामा रहेका एम्बुलेन्स विवरण

| स्थानीय तह | एम्बुलेन्स नं. | सम्पर्क नं. | निकाय |
|---|---|---|---|
| रामेछाप नगरपालिका | बा. २ झ १७५२ | ९७४४०१६३४० | श्री जिल्ला अस्पताल रामेछाप |
| | बा. ११ च. ९८९९ | ९८४१४७०७१९ | श्री गोठगाउँ स्वास्थ्य चौकी |
| | बा. १९ च. ३९२४ | ९८६१९९३६५१ | श्री साँघुटार स्वास्थ्य चौकी |
| | बा. २ झ ४४२२ | ९८४०६०८२५८ | श्री रामेछाप नगरपालिका |
| मन्थली नगरपालिका | बा. १० च. ४४४२ | ९८५४०४०१२८ | श्री रेडक्रस सोसाईटी मन्थली |
| | बा. १३ च. ५४८८ | ९८४४२४२१३६ | श्री तामाकोसी अस्पताल |
| | प्रदेश-३-०१-०२३ च ०४०२ | ९८६०६९८४७४ | श्री मन्थली नगरपालिका |
| | बा. १९ च. ३९१९ | ९८६९४१७१२६ | श्री गेलु चनखु संचालक समिति |
| | बा. २ झ ४४६२ | ९८६१३७७२३२ | श्री गेलु प्राथमिक स्वास्थ्य केन्द्र |
| | प्रदेश-३-०१-००२ झ ४९४४ | ९८४१७५२०५५ | फुलासी स्वास्थ्य चौकी |
| | बा. १९ च.३९२३ | ९८४४१४१६२९ | श्री दोरम्बा डडुवा फुलासी एम्बुलेन्स संचालक समिति |
| खाँडादेवी गाउँपालिका | प्रदेश-३-००२-५०३८ | ९८६३५२६८१९ | खाँडादेवी विकास कोष |
| गोकुलगंगा गाउँपालिका | बा १९ च २८३ | ९८४८९३४५५० | चुचुरे स्वास्थ्य चौकी |
| | बा. २ झ १०५७ | ९८६०५४९४२७ | श्री बेताली स्वास्थ्य चौकी |
| उमाकुण्ड गाउँपालिका | ज. १ झ. ४१२ | ९८६४३३४०७७ | श्री गुम्देल स्वास्थ चौकी |
| | ज. १ च. १६६९ | ९८४५१६६७१२ | श्री बाम्ती स्वास्थ्य चौकी |
| | ज. १ झ ४१४ | ९८१३८६२८३० | प्रिति स्वास्थ्य चौकी |
| | बा. १९ च ३९२० | ९८४६७७१०६४ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| लिखु तामाकोसी गाउँपालिका | बा. १० च ४४४४ | ९८६०१५८३०९ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| | बा. २ झ ४०१६ | ९८४८८५७७९४ | श्री लिखु तामाकोसी गाउँपालिका |
| | | ९८४३४९१४३३ | |
| | बा. २ झ ४०१५ | ९८६०७१९१३७ | |
| | | ९८६११८६९७९ | |

## COVID-19 Friendly एम्बुलेन्स

| निकाय | एम्बुलेन्स नं. | चालकको सम्पर्क नं. |
|---|---|---|
| जिल्ला अस्पताल | बा २ झ १७५२ | ९७४४०१६३४० |
| नेपाल रेडक्रस सोसाईटी | बा १० च ४४४२ | ९८६४००७२८० |
| मन्थली न.पा. (प्रा. स्वास्थ्य केन्द्र गेलू) | बा २ झ ४४६२ | ९८६१३७७२३२ |
| रामेछाप नगरपालिका | बा १२ च ५५५५ | ९८६०४४११२५ |
| रामेछाप नगरपालिका | ज १ च १०५१ | ९७४४०५९७९४ |
| सुनापति गा.पा (स्वास्थ्य चौकी) | बा २ झ ६७६ | ९८१३५३६९७७ |
| खाँडादेवी गाउँपालिका | बा १९ च ३९२२ | ९८४९७५६७४९ |
| उमाकुण्ड गाउँपालिका (गुम्देल स्वास्थ्य चौकी) | ज १ झ ४१२ | ९८६४३३४०७७ |
| दोरम्बा गाउँपालिका | बा २ झ ४२७५ | ९८४९४४१९८२ |
| गोकुलगंगा गाउँपालिका (रस्नालु स्वास्थ्य चौकी) | ज १ झ ४१३ | ९८६३९१३८८७ |
| लिखु तामाकोसी गाउँपालिका | बा २ झ ४०१५ | ९८६११८६९७९ |

**सामाजिक दूरी कायम गरौं,**

**कोरोनाबाट सुरक्षित रहौं**

**खाद्यबस्तु, तरकारी आदी खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नहुन सबैमा हार्दिक अनुरोध छ ।**

## आ.व. २०७७/७८ श्रावण महिनामा यस कार्यालय बाट प्रदान गरिएका सेवाहरु

| क्र.सं. | विवरण | परिणाम |
|---|---|---|
| १ | नेपाली नागरिकता प्रमाणपत्र नयाँ | २४० (१३९ पुरुष र १०१ महिला) |
| | प्रतिलिपी | १५० (१०८ पुरुष र ४२ महिला) |
| | बैवाहिक | - |
| २ | नावालक परिचय पत्र | ४ |
| ३ | राहदानी द्रुत सिफारिस | १६ |
| | कार्यालयबाट सिफारिस | २४ |
| ४ | सिफारिस तथा प्रमाणित, दुवै नाम थर एकै भएको (जनजाती परिवारिक, दलित, पेन्सन सिफारिस आदी) | १९ |
| ५ | अनुगमन | - |
| | बजार अनुगमन | - |
| | कार्यालय अनुगमन | - |
| | विकास निर्माण सँग सम्बन्धित आयोजना/योजनाहरु | |
| ६ | संस्था दर्ता | ५ |
| | संस्था नविकारण | ४ |
| ७ | मुद्दा दर्ता | - |
| | फैसला | २ |
| ८ | ठाडो उजुरी दर्ता | ४ |
| | ठाडो उजुरी फछ्यौंट | ४ |
| ९ | जिल्ला सुरक्षा समिति बैठक | २ |
| १० | जिल्ला विपद् व्यवस्थापन बैठक | १ |
| ११ | कोभिड सम्बन्धि बैठक | २ |
| १२ | सर्वपक्षीय बैठक | - |
| १३ | अन्य विविध बैठक | २ |
| १४ | विपद् पीडित राहत वितरण | - |
| १५ | द्वन्द पीडित राहात वितरण | - |
| १६ | सवारी दुर्घटना पीडितलाई क्षतिपूर्ति वितरण | - |
| १७ | राजस्व संकलन | ९८३,५८३/- |
| १८ | अन्तर जिल्ला समन्वय बैठक | - |

